**October 11th, 2024, Friday**

**प्रमुख समाचार:**

1. भारत र लाओ जनवादी लोकतान्त्रिक गणतन्त्र-PDR बीच छवटा सम्झौतापत्रमा हस्ताक्षर
2. रक्षामन्त्री श्री राजनाथ सिंह आर्मी कमाण्डर सम्मेलनमा भाग लिन सिक्किमको दुई दिने भ्रमणमा
3. पाकिस्तानको बलुचिस्तान प्रान्तको एक कोइला खानीमा आक्रमण हुँदा २० कामदारको मृत्यु, आठ जना घाइते
4. भारतका जीवन नेदुचाजियान र विजय सुन्दर प्रशान्तले आज साँझ स्पेनमा भ्यालेन्सिया ओपन टेनिसको पुरुष युगलको सेमिफाइनलमा प्रतिस्पर्धा गर्दै
5. अनि दुबईमा जारी आईसीसी महिला टी–२० विश्वकप क्रिकेटको समूह 'ए' अन्तर्गत आज अष्ट्रेलियाले पाकिस्तानको सामना गर्दै

1. PM-East Asia Summit

भारत र लाओ जनवादी लोकतान्त्रिक गणतन्त्र-PDR ले आज रक्षा सहयोग, भन्सार, श्रव्य दृश्य र सम्पदा संरक्षण गरी छवटा सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। भारतले लाओमा खाद्य सुरक्षा र पोषणलाई सुदृढ पार्ने परियोजनालाई सहयोग गर्न भारत-संयुक्त राष्ट्र विकास साझेदारी कोष मार्फत १० मिलियन अमेरिकी डलर सहयोग गर्ने निर्णय पनि गरेको छ। लाओको राजधानी भेन्टियानमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी र लाओका प्रधानमन्त्री श्री सोनेक्सा या सिफान्डनको उपस्थितिमा समझदारीपत्र आदानप्रदान भएको हो। यसअघि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले खुला, समावेशी, समृद्ध र नियममा आधारित हिन्द-प्रशान्त क्षेत्रको महत्त्वमा जोड दिनुभएको थियो। उहाँले सम्पूर्ण क्षेत्रको शान्ति र प्रगतिका लागि नियममा आधारित हिन्द–प्रशान्त महत्वपूर्ण रहेको बताउनुभयो। यस अवसरमा उहाँले दक्षिण चीन सागरको उल्लेख गर्दै यस क्षेत्रको शान्ति, सुरक्षा र स्थिरता सम्पूर्ण हिन्द–प्रशान्तको हितमा हुने बताउनुभयो। प्रधानमन्त्री श्री मोदीले आज लाओ जनवादी लोकतान्त्रिक गणतन्त्रको राजधानी भेन्टियानमा १९औँ पूर्वी एसिया शिखर सम्मेलनलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। दुई दिने भ्रमणका क्रममा श्री मोदीले आज भेन्टियानमा लाओका राष्ट्रपतिसित भेट गर्नुभयो। प्रधानमन्त्रीले आसियान शिखर सम्मेलन र पूर्वी एसिया शिखर सम्मेलन सफल भएकोमा राष्ट्रपतिलाई बधाई दिनुभएको छ। भेटमा दुई नेताले द्विपक्षीय सम्बन्धका बारेमा छलफल गर्नुका साथै दुई देशबीचको घनिष्ट साझेदारीलाई थप मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। भेटपछि प्रधानमन्त्री भारत प्रस्थान गर्नुभएको छ।

2. Rajnath – Sikkim

रक्षामन्त्री श्री राजनाथ सिंह आर्मी कमाण्डर सम्मेलनमा भाग लिन आज दुई दिने भ्रमणमा सिक्किम पुग्नुभएको छ। राजधानी गान्तोकमा पहिलो पटक हुन लागेको यो सम्मेलनको उद्देश्य महत्वपूर्ण रणनीतिक विषय र रक्षा तयारीका बारेमा छलफल गर्नु र सुरक्षा परिचालनको तयारीलाई अझै द्रुत बनाउनु रहेको छ। सिक्किम भ्रमणको क्रममा, रक्षा मन्त्रीले गत वर्ष अक्टोबरमा बाढीसँग जुझ्दा ज्यान गुमाएका २२ सैनिकहरूलाई समर्पित प्रेरणा स्थलको अनावरण गर्नु हुनेछ। उहाँले विभिन्न सडक आयोजनाको पनि उद्घाटन गर्नु हुनेछ।

3. India – Lebanon

लेबनानको वर्तमान अवस्थालाई लिएर भारतले चिन्ता व्यक्त गरेको छ। विदेश मन्त्रालयले विज्ञप्तिमा जनाएअनुसार नयाँ दिल्लीले स्थितिलाई नजिकबाट नियालिरहेको छ र यस क्षेत्रमा बिग्रँदै गएको सुरक्षाप्रति चिन्तित रहेको बताएको छ। संयुक्त राष्ट्रसङ्घलाई सबैले सम्मान गर्नुपर्ने र त्यसको आदेशलाई पनि पालना गर्नुपर्ने मन्त्रालयले जनाएको छ ।

4. Indian Navy - Swabalamban

भारतीय नौसेनाले यस महिनाको २८ र २९ मा नयाँ दिल्लीमा नौसेना सम्मेलन, स्वावलम्बन - २०२४ को तेस्रो संस्करण आयोजना गर्नेछ। रक्षा मन्त्रालयले सम्मेलनले नवप्रवर्तन र स्वदेशीकरण प्रयासहरूलाई नयाँ र पर्याप्त प्रोत्साहन दिने अपेक्षा गरेको छ। स्वावलम्बनका पछिल्ला दुई संस्करणमा भारतीय नौसेनालाई भारतीय उद्योगबाट दुई हजारभन्दा बढी प्रस्ताव आएको मन्त्रालयले जनाएको छ ।

5. T90 Tank Overhaul

आत्मनिर्भरतातर्फ महत्वपूर्ण कदम चाल्दै भारतीय सेनाले T-90 भीष्म ट्याङ्कको नयाँ संस्करण तयार गरेको छ । T-90 भीष्म, 2003 देखि मुख्य युद्ध ट्यांक, गति र सुरक्षाको लागि परिचित छ। ट्याङ्कको नयाँ संस्करण अझै शक्तिशाली र घातक बनाइएको छ।

6. Tata Trust Chairperson

टाटा समूहको मातहतमा रहेको टाटा ट्रस्टको अध्यक्षमा श्री नोएल टाटा निर्विरोध नियुक्त हुनुभएको छ। श्री रतन टाटाको निधनपछि आज बसेको बोर्ड बैठकले यस्तो निर्णय गरेको हो । श्री रतन टाटाको बुधबार ८६ वर्षको उमेरमा निधन भएको हो ।

7. Nobel Peace Prize

जापानको हिरोसिमा र नागासाकीमा भएको आणविक बम विष्फोटमा बाँचेका जापानी समूह निहोन हिडान्क्योलाई सन् २०२४ को नोबेल शान्ति पुरस्कार प्रदान गरिएको छ । यो समूहलाई हिबाकुशा पनि भनिन्छ। यस समूह आणविक हतियारमुक्त संसारको लक्ष्य हासिल गर्न कटिबद्ध छ। गत वर्ष नोबेल शान्ति पुरस्कार इरानी मानवअधिकारकर्मी नरगेस मोहम्मदीलाई प्रदान गरिएको थियो।

8. International Girl Child Day

आज अन्तर्राष्ट्रिय बालिका दिवस हो। यस दिनले विश्वभरका केटीहरूका लागि लैङ्गिक समानता, शिक्षा र अवसरहरूको महत्त्वलाई प्रकाश पार्छ। अन्तर्राष्ट्रिय बालिका दिवसले केटीहरूलाई सशक्तिकरण गर्न र उनीहरूको मानवअधिकारको रक्षा गर्ने तत्काल आवश्यकतालाई जोड दिन्छ। भारत सरकारले बेटी बचाओ-बेटी पढाओ, उडान र सुकन्या समृद्धि योजना जस्ता बालिकाहरूलाई सशक्तिकरण गर्न धेरै कदम चालेको छ।

9. Pakistan Miners Killed

पाकिस्तानको बलुचिस्तान प्रान्तको दुक्की क्षेत्रमा आज एउटा कोइला खानीमा भएको आक्रमणमा परी कम्तीमा २० कामदारको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन्। दुक्की जिल्ला अधिकारीले आक्रमणकारीले ह्यान्ड ग्रेनेड र रकेट लन्चर प्रहार गरेको बताएका छन्।

10. Durga Puja Greetings

दुर्गा पूजाको पर्व देशभर धार्मिक भक्ति र हर्षोल्लासका साथ मनाइँदैछ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले दुर्गा पूजाको अवसरमा सम्पूर्ण देशबासीलाई शुभकामना दिनुभएको छ। सामाजिक सञ्जालमा जारी सन्देशमा राष्ट्रपतिले दुर्गा पूजालाई खराबमाथि राम्रोको विजयका रुपमा मनाउने र दुर्गा मातालाई शक्तिको प्रतीक मान्ने गरेको बताउनुभएको छ।

11. Valencia Open Tennis

भारतका जीवन नेदुचाजियान र विजय सुन्दर प्रशान्तले स्पेनमा भ्यालेन्सिया ओपन टेनिस प्रतियोगितामा आज साँझ पुरुष युगलको सेमिफाइनलमा पोल्यान्डका पिओटर मातुस्जेस्की र कारोल ड्रजेविकीसँग प्रतिस्पर्धा गर्नेछन्।

12. BWF Badminton Championship

भारतका तन्वी शर्मा, अलिशा नाइक र प्रणय सेट्टीगरले आज चीनको नानचाङमा जारी BWF विश्व जुनियर ब्याडमिन्टन च्याम्पियनसिपको क्वाटरफाइनलमा खेल्दैछन्। तन्वी शर्माले चीनकी सु वेन जिङको सामना गर्नेछिन्। अलिशाले अर्का चिनियाँ खेलाडी दाई किन यीसँग र १९ वर्षमुनिको पुरुष एकलमा प्रणयले चीनका वाङ जी जुनसँग प्रतिस्पर्धा गर्नेछन्।

13. Women’s T20 Cricket

दुबईमा जारी आईसीसी महिला टी–२० विश्वकप क्रिकेटको समूह ‘ए’ अन्तर्गत आज अष्ट्रेलियाले पाकिस्तानको सामना गर्दैछ । यो खेल भारतीय समय अनुसार साँझ ७:३० बजे हुनेछ ।

**प्रमुख समाचार पुन: एकपटक**

1. भारत र लाओ जनवादी लोकतान्त्रिक गणतन्त्र-PDR  बीच छवटा सम्झौतापत्रमा हस्ताक्षर
2. रक्षामन्त्री श्री राजनाथ सिंह  आर्मी कमाण्डर सम्मेलनमा भाग लिन सिक्किमको दुई दिने भ्रमणमा
3. पाकिस्तानको बलुचिस्तान प्रान्तको एक कोइला खानीमा आक्रमण हुँदा २० कामदारको मृत्यु, आठ जना घाइते
4. भारतका जीवन नेदुचाजियान र विजय सुन्दर प्रशान्तले आज साँझ स्पेनमा भ्यालेन्सिया ओपन टेनिसको पुरुष युगलको सेमिफाइनलमा प्रतिस्पर्धा गर्दै
5. अनि दुबईमा जारी आईसीसी महिला टी–२० विश्वकप क्रिकेटको समूह ‘ए’ अन्तर्गत आज अष्ट्रेलियाले पाकिस्तानको सामना गर्दै